छायाँनाथ रारा नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ४ २०८० पौष २७ गते


भाग-२

छायाँनाथ रारा नगरपालिका, मुगुको

सूचना

छायाँनाथ रारा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## संवत २०८० सालको कार्यविधि नं. १७

## छायाँनाथ रारा नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०

# <u>छायाँनाथ रारा नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८०</u>

**<u>प्रस्तावना:</u>** छायाँनाथ रारा नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन कार्यविधि, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकाले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "छायाँनाथ रारा नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८० रहेको छ।

(२) यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **<u>छायाँनाथ रारा नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ को प्रस्तावनामा संशोधनः</u>** छायाँनाथ रारा नगरपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ (यस पछि "मूल कार्यविधि" भनिएको) को प्रस्तावनामा,-

(१) प्रस्तावना को सट्टा देहायको प्रस्तावना राखिएको छः-

"**<u>प्रस्तावनाः</u>** सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र छायाँनाथ रारा नगरपालिकाको सार्वजनिक खरिद सम्बन्धि नियमावली, २०८० मा उल्लेखित प्रावधानहरुमा आधारित रही सार्वजनिक खरिद सम्बन्धि प्रक्रियामा उपभोक्ता समितिको सहभागिता अभिवृद्धि गरी रोजगरी सिर्जना गर्ने र स्थानीय समुदायको सहभागिता र अपनत्व सुनिश्चित गरी पूर्वाधारलाई गुणस्तरीय, दिगो बनाउन, नगरपालिकाले उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी छायाँनाथ रारा नगरपालिकको नगरकार्यापालिकाले यो कार्यविधि जारी गरेको छ।"

३. **<u>मूल कार्यविधिको दफा १ मा संशोधनः</u>** मूल कार्यविधिको दफा १ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-
"(१) यस कार्यविधिको नाम "छायाँनाथ रारा नगरपालिकाक उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यो कार्यविधि छायाँनाथ रारा नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ।"

४. **<u>मूल कार्यविधिको दफा ३ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ३ को,-

(१) दफा ३ को उपदफा (२) सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) कुल लागत एक करोड रुपैया सम्म भएको तथा स्थानीय सीप, श्रोत र साधन उपयोग हुने र स्थानीय स्तरमा कार्य सम्पन्न गर्न सक्ने आयोजनाको कार्यान्वयन उपभोक्ता समिति मार्फत गर्न सकिनेछ।"

५. **<u>मूल कार्यविधिको दफा ४ मा संशोधनः</u>** मूल कार्यविधिको दफा ४ को,-

(१) दफा ४ को उपदफा (१) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

" आयोजनाबाट प्रत्यक्ष लाभान्वित उपभोक्ताहरुको आम भेलाबाट अधिकतम सहभागितामा सम्बन्धित आयोजना स्थलमा नै सात देखि एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नु पर्छ।"

(२) दफा ४ को उपदफा (१) को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

" समिति गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको बिषय त्यस्तो भेला हुने मितिले कम्तिमा सात दिन अगावै सार्वजनिक रुपमा जानकारी गराउनु पर्छ।"

(३) दफा ४ को उपदफा (१) पछि देहायको उपदफा (२) राखिएको छः-

"(२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि पूर्व निर्माण सम्पन्न आयोजनाको मर्मत सम्भार तथा अधुरा आयोजनाका निर्माण कार्यको लागि सोही आयोजना कार्यान्वयन गर्न निर्माण भई अविच्छिन्न रुपमा कानून बमोजिम क्रियाशिल समिति मार्फत आयोजना कार्यान्वयन गर्न सकुने छ। तर सोको लागि स्थानीय बासिन्दा र समुदायको भेलाबाट निर्णय भई आउनु पर्छ।"

(४) दफा ४ को उपदफा (२) पछि देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (१) अनुसारको समित गठनको लागि अनुसुची-१क अनुसारको ढाँचामा नगरपालिकाले निवेदन लिई दर्ता गर्नु पर्छ र दर्ता भएको उपभोक्ता समितिलाई नगरपालिकाले अनुसुची-१ख अनुसारको ढाँचामा उपभोक्ता समितिको प्रमाणपत्र दिनुपर्छ।"

६. **मूल कार्यविधिको दफा १३ मा संशोधनः** मूल कार्यविधिको दफा १३ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) आयोजना तोकिएको गुणस्तर, परिमाण र समयमा सम्पन्न गर्न गराउन उपभोक्ता समितिले सम्पादन गर्ने कार्यको अनुगमन गरी आयोजनाको गुणस्तर, परिमाण सुनिश्चित गर्न दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिमको भेलाबाट कम्तिमा एक जना महिला सहित तीन सदस्यीय एक अनुगमन समिति गठन गर्नु पर्छ।"

७. **मूल कार्यविधिको दफा १७ पछि दफा १८ थपिएकोः** मूल कार्यविधिको दफा १७ पछि देहायको दफा १८ राखिएको छः-

"**१८. संशोधनः** (१) यस नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि (पहिलो संशोधन) कार्यविधि, २०८० को संशोधन गर्न आवश्यक भएमा समितिले तयार गरी नगरपालिका प्रमुख समक्ष पेश गर्नु पर्छ।

(२) प्रस्तावित संशोधन प्रस्ताव उपयूक्त लागेमा नगरपालिका प्रमुखले कार्यपालिकामा पेश गरी कार्यपालिकाले स्वीकृत दिएपछि मात्र यो कार्यविधि संशोधन भई कार्यन्वयन हुनेछ।

(३) कुनै विषयमा अस्पष्टता भए, विवाद भई निरुपण हुन नसके सो विषयमा नगर कार्यपालिकाले गरेको निर्णाय अन्तिम हुनेछ।"

८. **मूल कार्यविधिको दफा १८ पछि दफा १९ थपिएकोः** मूल कार्यविधिको दफा १८ पछि देहायको दफा १९ राखिएको छः-

"**१९. बाधा अड्काउ फिकाउः** (१) यस कार्यबिधिमा कुनै बाधा देखिएमा वा संघिय, प्रादेशिक कानून संग बाझिन गएमा बाझिएको हदसम्म स्वतः खारेज हुने छ। कार्यबिधिमा बाधा अड्काउ फुकाउने अधिकार नगर कार्यपालिकालाई रहनेछ। "

९. **मूल कार्यविधिमा अनुसूची-१क थपिएकोः** मूल कार्यविधिमा देहायको अनुसूची-१क राखिएको छः-

"अनुसूची -१क
(दफा ४ को उपदफा (३) संग सम्बन्धित)
छायाँनाथ रारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गमगढी, मुगु

**उपभोक्ता समिति दर्ताको लागि दिइने निवेदन**

मितिः-

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
छायाँनाथ रारा नगरपालिकाको कार्यालय,
गमगढी, मुगु।

छायाँनाथ रारा नगरपालिकाको स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ मा भएको व्यवस्था बमोजिम उपभोक्ता समिति गठन गरी यस उपभोक्ता समितिको दर्ता गरी पाउन देहाय बमोजिमको विवरण खुलाई यो निवेदन पेश गरेका छौं ।

- उपभोक्ता समितिको नामः
- क्षेत्रः
- घरधुरी संख्याः
- कूल जनसंख्याः
- उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यः-

| सि. नं. | नाम | दर्जा | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |
| ८. | | | |
| ९. | | | |
| १०. | | | |
| ११. | | | |

.......उपभोक्ता समितिका तर्फबाट निवेदन दिने व्यक्तिको,-
दस्तखतः-
नाम, थरः-
ठेगानाः-
पदः-
मितिः"

१०. **मूल कार्यविधिमा अनुसूची-१ख थपिएकोः** मूल कार्यविधिमा देहायको अनुसूची-१ख राखिएको छः-

"अनुसूची-१ख
(दफा ४ को उपदफा (३) संग सम्बन्धित)
छायाँनाथ रारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

गमगढी, मुगु

**उपभोक्ता समिति दर्ताको प्रमाणपत्र**

दर्ता नं.:-                                                    मितिः-

श्री ………………………. उपभोक्ता समिति,

…………………………….. ।

यस छायाँनाथ रारा नगरपालिकाको स्थानीय तहको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७५ ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समितिलाई दर्ता गरी यो प्रमाणपत्र दिएको छ ।

उपभोक्ता समितिको नाम

क्षेत्रः

घरधुरी संख्याः

कूल जनसंख्याः

प्रमाणपत्र दिने अधिकृतको,-

दस्तखतः-

नाम, थरः-

दर्जाः-

**द्रष्टव्यः** यो प्रमाणपत्र हराएमा, च्याचिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन ……… रुपैयाँ दस्तूर लाग्नेछ ।

निर्णय भएको मितिः २०८०/०९/२७

आज्ञाले,
पशुपती शाही
नि.प्रमुख प्रशासकीय
अधिकृत